## सञ्चार संस्थान ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: सञ्चार संस्थान ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "सञ्चार संस्थान (पहिलो संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सञ्चार संस्थान ऐन, २०२८ को दफा १० मा संशोधन: सञ्चार संस्थान ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा १० को,–

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ:–

"(३क) खण्ड (ख), (ग), (घ) र (ङ) अन्तर्गत निर्वाचित वा मनोनीत सञ्चालकहरूको कार्यावधि चार वर्षको हुनेछ र कार्यावधि सकिए पछि निजहरू पुनः निर्वाचित वा मनोनीत हुन सक्नेछन् ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ:–

"(४) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) र (घ) अन्तर्गत मनोनीत सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा श्री ५ को सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न सक्नेछ ।"

(३) उपदफा (६) झिकिएको छ ।

३. मूल ऐनको दफा १७ मा संशोधन: मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ:–

"१७. सञ्चालकले बैठकमा भाग लिन नपाउने: महाप्रबन्धक वा दफा १० बमोजिम सञ्चालक भइरहेका कर्मचारीलाई कारवाही गर्ने सम्बन्धमा बसेको समितिको बैठकमा महाप्रबन्धक वा त्यस्तो कर्मचारीले सञ्चालकको हैसियतले त्यस्तो बैठकमा भाग लिन पाउनेछैन ।"

४. मूल ऐनको दफा १९ मा संशोधन: मूल ऐनको दफा १९ को,–

(१) खण्ड (क) मा रहेका "एक लाख रूपैयाँभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "दश लाख रूपैयाँभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ख) मा रहेका "पाँच वर्षभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "दश वर्षभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ग) मा रहेका "पचास हजार रूपैयाँभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "पाँच लाख रूपैयाँभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनमा दफा ३१क. थपः मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थपिएको छः–

"३१क. स्थानीय कर नलाग्नेः संस्थानको कारोबारमा कुनै किसिमको स्थानीय कर लाग्नेछैन ।"

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।